नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चामे, मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com
manang_cdo@yahoo.com

प.सं.: ०७६/०७७ मितिः २०७६/१२/१०
च.नं. ३८५

## मनाङ जिल्लाबाट जारी गरिएको आदेश ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि मिति २०७६।१२।०९ गते मन्त्रिपरिषद्को बैठकबाट नेपालमा कोभिड-१९ को संक्रमण फैलिने देखिएकोले स्थानीय प्रशासन ऐन, २०२८ तथा संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सोको रोकथाम र नियन्त्रण गर्न यस मनाङ जिल्लाभित्र मिति २०७६।१२।११ गते विहान ६:०० बजे देखि २०७६।१२।१८ गते बिहान ६:०० सम्म लागू हुने गरी देहायबमोजिमको आदेश जारी गरिएको छ । यस आदेशको पूर्ण पालनाका लागि सम्पूर्ण जिल्लावासीहरुमा अनुरोध गरिन्छ ।

१ औषधी उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कनु हुन।

२ अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुहरुवाहक सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाईएकोले सो पालना गर्नुहुन ।

३ अत्यावश्यक खाद्यान्न सामग्री, दैनिक उपभोग्य वस्तुहरु दुध, तरकारी, फलफुल, औषधी तथा स्वास्थ्य उपकरण सम्बन्धी पसल, ग्यास तथा पेट्रोलियम पदार्थ बिक्री वितरणलाई नियमित/अनिवार्य गर्ने र अन्य पसलहरु बन्द गर्ने/ गराउने ।

४ व्यवसायीहरुले औषधी र औषधीजन्य सामग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने । अभाव देखाई मुल्य बृद्दि गर्ने वा कालाबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिइने, सामग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने/गराउने ।

५ आम मानिसमा डर, त्रास सिर्जना गर्ने, आतंकित तुल्याउने गरी सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमहरुमा भ्रामक सूचना प्रसारण गरेको भेटिएमा कानून बमोजिम कारवाही गरिनेछ ।

६ सूचना संकलनको लागि सञ्चारकर्मीहरुलाई आवतजावत गर्न सूचना तथा प्रसारण विभागले जारी गरेको प्रेस पासलाई मान्यता दिइनेछ ।

७ संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई सोही ऐन बमोजिम सजाय हुनेछ ।

०७६।१२।११

पुष्पराज पौडेल
प्रमुख जिल्ला अधिकारी